जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १०१ • २०८१ माघ १९ गते शनिवार • 1 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

## वसन्तपञ्चमी नजिकिँदै मधेसका बजारमा केशोर र बयर उत्पादक किसानको व्यस्तता


जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ माघ



वसन्तपञ्चमी पर्व नजिकिँदै गर्दा महोत्तरीसहित मधेसका बजारमा केशोर (माटोमुनि फल्ने फलविशेष) र बयर (रूखमा फल्ने फलविशेष) उत्पादक किसानको व्यस्तता बढेको छ । मधेसको पनि खासगरी प्राचीन मिथिला क्षेत्रमा विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको पूजाआराधना गरिने वसन्तपञ्चमी पर्वमा केशोर र बयर मुख्य प्रसाद सामग्री बन्ने परम्पराले अहिले यी फसलका बजार जम्दै गएका हुन् । यसपालि आउने सोमबार यो पर्व परेको छ ।

मिथिलामा श्रीपञ्चमी पनि भनिने यो पर्वमा बस्तीबस्तीका शिक्षण संस्थामा विशेष उत्सवका रूपमा सरस्वती पूजनोत्सवको अनुष्ठान आयोजना गरिने परम्परा छ । कतिपय घरघरमा पनि वसन्तोत्सव मनाइने परम्पराले यो पर्वविशेषमा केशोर र बयरको माग हुनेहुँदा अहिले यी फसलका उत्पादक किसानलाई भ्याइ नभ्याइ परेको हो । महोत्तरीमा उत्तरी क्षेत्रका बर्दिबास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रमा केशोरको व्यावसायिक खेती गरिँदै आइएको छ । बालुमिश्रित खुकुलो माटोमा केशोरखेती फस्टाउने हुँदा जिल्लाका उत्तरी क्षेत्र यो खेतीको उर्वर ठाउँ हो । केशोर खनिएको सात-आठ दिनसम्म ताजै रहने हुँदा यो खेतीका किसानलाई पर्वको एक साता पहिलेदेखि नै खन्ने, धुने र बजार पुर्याउने तल्लिनताले छोप्छ । महोत्तरीको केशोर जिल्ला बाहिरका बजारमा लगिने हुँदा अहिले व्यापारी किसानका खेतखेतमै पुगेर पनि लिने गरेका छन् । गुलियो स्वादमा अत्यन्त रसिलो हुने यो फल स्वास्थ्यवर्द्धक मानिन्छ । माघ नै यसको फसल लिने समय भएका हुँदा सरस्वती पूजनोत्सवमा मौसमी फलका रूपमा यसको प्रयोग परम्परा बसेको हुनसक्ने पाका मैथिल बताउँछन् । "केशोर माघमै उत्पादन लिइने फसल र वसन्तपञ्चमी पनि यसै महिनामा पर्नेहुँदा यो पर्वमा मौसमी फलका रूपमा प्रयोग गरिने परम्परा चलेको हुनपर्छ", मैथिल परम्पराका ज्ञाता गौशाला-११ का ७५ वर्षीय लक्ष्मीप्रसाद महतो भन्नुहुन्छ । यहाँका किसानले केशोर नजिकका ढल्केबर, लालबन्दी र बर्दिबाससहितका कृषि थोकबजारमा पुर्याउँछन् । अहिले खुद्रामा प्रतिकिलोग्राम रू ५० सम्म बिक्ने केशोर सप्रिदा प्रतिकट्ठा २० मन ९४० किलोको एक मन हुन्छ०सम्म फल्ने हुँदा यो नगदेखेतीका रूपमा लगाइने गरिएको बर्दिबास-७ मनहरिपुरका ७० वर्षीय किसान बिन्देश्वर यादव बताउनुहुन्छ । रोपिएको एक सय दिनभित्रै उत्पादन लिन सकिने यो खेती नगद जोहोको मुख्य फसल भएको यादवको भनाइ छ । जिल्लामा केशोरको व्यावसायिक खेती लगभग एक हजार हेक्टरमाथि हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा केशोरको व्यावसायिक खेती हुँदै आए पनि माघमै पाक्ने बयरको भने खेती हुनसकेको छैन । जिल्लामा बयर बाक्लै फस्टाउन सक्ने माटो भए पनि यो खेतीमा किसान लागेका देखिँदैनन् । तर खेतबारी र पाखामा बाक्लै भेटिने स्थानीय जातका बयर श्रीपञ्चमी नजिकिएपछि किसानले टिपेर बजार पुर्याउने गरेका छन् । पर्वमा बयरको प्रयोग परम्परा रहेको र यहाँ उत्पादित बयरले माग धान्न नसकेपछि अहिले यहाँका बजारमा उन्नत जातका ठुल्ठूला बयर फल भारतबाट आउने गरेका पाइएको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत राजकिशोर यादव बताउनुहुन्छ । यहाँको माटोमा बयर फस्टाउने हुँदा किसानले उत्साह देखाए उन्नत जातका बयरका बिरूवा ल्याउन सकिने यादवको भनाइ छ ।

## महोत्तरीका भूमिहीन जग्गाधनी प्रमाणपत्र पाउने आशमा



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ माघ

जग्गा भन्ने कानुनी प्रमाण नभएका महोत्तरीका भूमिहीन अब जग्गाधनी प्रमाणपत्र पाउने आशमा छन् । जिल्लामा सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले काम थालिएको बताएपछि अबचाहिँ लालपुर्जा पाइने आश भूमिहीन सुकुमबासीमा जागेको हो ।

"आफ्नो भनेर पुस्तौंदेखि झुप्रोमा बसेका त छौं, तर हामीसँग लालपुर्जा छैन", भङ्गाहा-४ रामनगरको दलितबस्तीका जुगल सदा मुसहर भन्छन्, "अब गरिबलाई लालपुर्जा दिने रे भन्ने सुन्छौं, त्यसो भए हामी पनि लालपुर्जावाला हुन्यौं ।" पछिल्लो पटक जिल्लामा भूमि समस्या समाधान आयोगका महोत्तरी अध्यक्ष पीताम्बर महतोले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिने तयारी थालिएको बताउनु भएपछि यी गरिबमा नयाँ आश जागेको हो । जिल्लामा यसअघि पनि कैयौंपटक यस्ता आयोग बने पनि जग्गाधनी प्रमाणपत्र नपाएका भूमिहीन यसपटक पनि हिस्स परिने हो कि भन्ने संशयमा नै छन् । जिल्ला आयोगले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिन यसअघि प्राप्त आवेदनहरुमा जाँचबुझ थालिसकिएको जनाएको छ । "हामीले काम थालेका छौँ", अध्यक्ष महतो भने, "पहिलो चरणमा यसअघि प्राप्त निवेदनमा जाँचबुझ भइरहेको छ ।" जिल्लामा यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेको आयोगमा प्राप्त निवेदनहरुमाथि अहिलेको आयोगले काम थालेको स्पष्ट पारे । त्यतिखेर गोले अध्यक्षताको आयोगको कार्यकालमा जिल्लामा आठ हजार दुई सय ८२ अव्यवस्थित बसोबासीले भोगचलनको आधारमा जग्गाधनी प्रमाणपत्र पाउन आवेदन गरेका थिए ।

## अर्को सहमती र आर्थिक अवस्था सुधार नभए सम्मको लागि हाललाई महोत्सव स्थगित: क्षेत्री



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ माघ

हाम्रो माया घरलाई महोत्सव लगाउन दिएको स्वीकृति बर्दिवास नगरपालिकाले तत्कालको लागि स्थगित गरेको छ ।

संस्थाको घर निर्माणार्थ आर्थिक संकलन गर्ने उद्देश्यले स्थानिय सरकारले दिएको स्वीकृति उद्योग बाणिज्य संघका कारण विवादास्पद बनेपछि नगरपालिकामा बोलाइएको सर्वपक्षिय बैठकमा नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले अर्को सहमती र आर्थिक अवस्था सुधार नभए सम्मको लागि हाललाई महोत्सव स्थगित गरिएको जनाएका हुन् ।

सामाजिक एकतामा नै असर पर्न सक्ने विषयलाई मध्यनजर गर्दै नगरप्रमुख क्षेत्रीले अर्को निर्णय नभएसम्म महोत्सव स्थगन गर्ने बताए । नगरप्रमुख क्षेत्रीले आगामी दिनमा नगरपालिकाले महोत्सव सम्बन्धी कार्यविधी बनाउने र दीर्घकालीन रुपमा विवाद नआउने वातावरण सिर्जना गर्ने प्रतिवद्वता जनाए । महोत्व आयोजना गर्न उद्योग बाणिज्य संघ बर्दिवासले लगाउनु पर्ने दावी गर्दै आईरहेको बेला नगरले हाम्रो माया घर नामक संस्थालाई सहमती दिएको थियो । यही विषयमा विवाद सिर्जना हुँदा महोत्सव नै सफल नहुने आशंका उत्पन्न भएको अवस्था देखिए पछि थियो । घर निर्माणार्थ आर्थिक अभावमा समस्या झेलिरहेको हाम्रो माया घरलाई भने आधारभूत समस्या सावधानको लागि २० लाख दिने उनले प्रतिवद्वता जनाए ।

विवादका बीच व्यापारिक एकतामा समेत समस्या सिर्जना बनिरहेको वेला नगरप्रमुख क्षेत्रीले उद्योग बाणिज्य संघका अध्यक्षले साझा भुमिका खेल्न नसकेको आरोप लगाएका छन् । अध्यक्षको संयोजनमा अभाव सिर्जना भएको जिकिर गर्दै आधा दर्जन संघ, संस्थाले महोत्सवको लागि दावी गरेपछि विवाद सावधान गर्न उद्योग बाणिज्य संघ कै अध्यक्षलाई संयोजक वनाएको प्रमुख क्षेत्रीको भनाइ छ ।

महोत्सवको विवाद दीर्घकालीन समाधानको लागि नगरप्रमुख क्षेत्रीले कानुन वनाउन सहयोग गर्न चेम्बर अफ कमर्स महोत्तरी र बर्दिवास उद्योग बाणिज्य संघलाई आग्रह समेत गरे ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




# उसले छाडेर गएको किताब


-सजिरा श्रेष्ठ ।

*उसले एकदिन आएर*
*मेरो हातमा एउटा किताब थमायो*
*मुसुक्क हाँस्दै,*
*पढ्नु है भनेर गयो ।*
*त्यो गुलावी गाथा भएको किताब*
*पहिलो पानामा लेखिएको थियो*
*मेरी प्यारी उनीको सम्झनामा ।*
*किताबको पहिलो अंशमा थिए*
*कविताहरु*
*सबै उसको प्यारी उनीको बारे लेखिएको ।*
*उनको चम्किलो मुहार,*
*उनको मधुरो हासो,*
*उनको गाजलु आँखा र*
*उनले गाउने भाकाहरुको*
*बयानले भरिएको ।*
*किताबको दोस्रो अंशमा थिए*
*निबन्धहरु*
*यी पनि सबै उनकै नामको ।*
*उनी खुसी हुँदा गर्ने हर्कतदेखि*
*दु:खी हुँदा आँसु झार्दै*
*खाना खाने बानीसम्म,*
*रिसाउँदा आँखा तर्दै हेर्नेदेखि*
*उनको मनपर्ने गीत आँउदाको उत्साहसम्म,*
*सबैको व्याख्यात्मक टिप्पणीले भरिएको।*
*तेस्रो अंशमा समेटिएका थिए*
*कथाहरु*
*यिनमा पनि थिए उनकै गाथाहरु*
*तर कथाहरुमा भने पात्र थिए*
*दुई उनी र उ ।*
*जसमा कल्पना गरिएको थियो,*
*रोमान्चक यात्राहरुको*
*एक अर्काको साथ ।*
*किताबको अन्तिम पाना*
*पल्टाउदै गर्दा*
*मनमा अनेक भावनाहरु खेल्न थाले,*
*कति रमाइलो हुन्थ्यो*
*यदि उसले यो किताब*
*उसको उनीलाई दिन सकेको भए ।*
*वा*
*परिस्तिथि बेग्लै हुन्थ्यो,*
*मैले आफ्नो भावना*
*उ समक्ष राख्न सकेको भए ।*

# महाकुम्भमा मधेशका करिब दुई दर्जन श्रद्धालु सम्पर्कविहीन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ माघ**

भारतको उत्तर प्रदेश राज्यस्थित प्रयागराजमा लागेको महाकुम्भ मेलामा मधेश प्रदेशका करिब दुई दर्जन श्रद्धालु सम्पर्कविहीन छन् । गएको बुधबार मौनी अमावास्याको बिहान भएको भागदौडमा परेर हराएका हुन्।

महाकुम्भ मेलामा हराउनेमा सबैभन्दा सप्तरी जिल्लाका छन्। सामाजिक संजालहरुमा पोष्ट गरिएको सूचना अनुसार सप्तरीबाट मेला भर्न गएका सात जना हराएका छन् । महाकुम्भ मेलामा गएको बुधवार बिहान भएको भागदौडमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ की ६० वर्षीय सुनैनादेवी झा, वडा नं. ३ सकरपुराका ६५ वर्षीय बुलबुल खंग, ४८ वर्षीया सुशिला देवी साह र उनका छोरा प्रिन्स कुमार साह, बोदेबरसाइन नगरपालिकाका ६५ वर्षीया अनार देवी, मल्हनियाका ७८ वर्षीय गुलट साहु तेली, ७० वर्षीया सुकनी देवी तेली, राजविराज-१३ की धनोदेवी यादव सम्पर्कविहीन छन्।

बुधवार बिहानदेखि महाकुम्भ मेला स्थलबाट हराइरहेको आफन्तले सामाजिक संजाल फेसबुकमा गरेको पोष्टमा उल्लेख छ। गंगा, यमुना र सरस्वतीको संगम स्थलमा मौनी अमावास्याको स्नानको क्रममा बुधबार बिहान डेढ बजेतिर अचानक भएको भोगदौडमा जनकपुरका एक बालकसहित पाँच जना हराएका छन् । हराउनेमा जनकपुरधाम उपमहानगरपालिका-८ का ४५ वर्षीय नवलकान्त मिश्र र उनका दुई वर्षीय छोरा कार्तिक मिश्र, जनकपुर-६ का चन्द्रदेव ठाकुर, वडा नम्बर नखुलेको जनकपुरकी मंजु देवी, जनकपुर-१३ की अन्दाजी ५६ वर्षीय कैलाशदेवी रौनियार रहेका छन्।

हराइरहेका श्रद्धालुहरुको खोजीका लागि आफन्तले सामाजिक संजालमा तस्वीरसहित सम्पर्क नम्बरसमेत सार्वजनिक गरेका छन् । प्रयागराजमा लागिरहेको महाकुम्भ स्नानका क्रममा बुधबार बिहान भएको भागदौडमा पर्सा जिल्लाका तीन जना सम्पर्कविहीन भएका छन् । पर्साको जगरनाथपुर गाउँपालिका-३ विजवानिया निवासी ६५ वर्षीय रजु राउत अहिर र ६० वर्षीय उमाकान्त गिरी सम्पर्कविहीन भएका छन् । अहिरका नाति धनञ्जय यादव (मन्टू) का अनुसार, नौ जनाको समूह बनाएर प्रयागराजस्थित सङ्गम नदीमा नुहाउने उद्देश्यका साथ गएको टोलीमा रहेका अहिर र गिरी भागदौडका क्रममा हराएका हुन्।

यस्तै पर्साको पोखरिया नगरपालिका-१ बनकटवा गाउँकी ४३ वर्षीय चन्दकिशोरी देवी गिरी पनि महाकुम्भ मेलामा बुधवार बिहानदेखि सम्पर्कविहीन भएको छ । भागदौडमा महोत्तरीको बर्दिबास-१० की केवलादेवी यादव, बाराको करैयामाई गाउँपालिकाकी ललबतिया देवी, सिरहाको कर्जन्हा नगरपालिकाकी रानीदेवी महतो पनि सम्पर्कविहीन भएकी छन् । प्रयागराजमा स्नान गर्न जाने क्रममा भएको भागदौडमा सम्पर्कविहीन भएका श्रद्धालुको खोजीका लागि उनीहरुका आफन्तले सामाजिक संजालमा तस्वीर र सम्पर्क नम्बर समेत सार्वजनिक गरेका छन्। तस्वीर र सम्पर्क नम्बर सार्वजनिक नभएका दर्जनौ श्रद्धालु सम्पर्कविहीन छन्। महाकुम्भ मेलामा हराएका व्यक्तिहरूको खोजी कार्य जारी रहेको भारतीय अधिकारीहरूले बताएका छन्। प्रत्येक १२ वर्षमा गंगा, यमुना र सरस्वतीको संगम स्थल प्रयागराजमा कुम्भ मेला लाग्ने गरेको छ। यसपाली १४४ वर्षपछि लागेको महाकुम्भ मेला गएको पुस २९ गतेदेखि प्रारम्भ भएको छ । महाकुम्भमा हालसम्म २७ करोड बढी श्रद्धालुले स्नान गरिसकेको भारतीय संचारमाध्यमहरुले जनाएको छ । महाकुम्भ मेलामा बुधवार बिहान डेढ बजेतिर मौनी अमावास्याको स्नानको तयारी भइरहेका बेला अचानक भएको भागदौडमा परेर ३० भन्दा बढीको मृत्यु भएको र ६० भन्दा बढी श्रद्धालु घाइते भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पले फेरि दिए ब्रिक्स देशहरूलाई चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ माघ**



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले ब्रिक्स देशहरूलाई अमेरिकी डलर बाहेक अन्य कुनै पनि मुद्रा अपनाएमा १०० प्रतिशत भन्सार शुल्क लगाउने चेतावनी दिएका छन्। ब्रिक्स देशहरूले अर्को मुद्रा अपनाए भने अमेरिकाले उनीहरूको साथ छोड्ने ट्रम्पले ट्रुथ सोसलमा लेखेका छन्।

ट्रम्पले लेखेका छन्,'ब्रिक्स देशहरू डलरबाट टाढा जान खोजिरहेका छन्। उभिएर हेर्दा, यो सकिसकेको हामी देख्छौं। हामीलाई यी शत्रुतापूर्ण देशहरूबाट यो प्रतिबद्धता चाहिएको छ कि उनीहरूले न त नयाँ ब्रिक्स मुद्रा सिर्जना गर्नेछन्, न त शक्तिशाली अमेरिकी डलर बाहेक अन्य कुनै मुद्रालाई समर्थन नै गर्नेछन्, अन्यथा उनीहरूले १०० भन्सार शुल्कको सामना गर्नुपर्नेछ।'

अमेरिकी अर्थतन्त्रलाई नयाँ मुद्रा बेच्ने आशा नगर्न र अर्को मूर्ख देश खोज्न पनि उनले भनेका छन्। ब्रिक्सको मुद्राले अन्तर्राष्ट्रिय व्यापार वा अन्य कुनै पनि ठाउँमा अमेरिकी डलरलाई प्रतिस्थापन गर्ने कुनै सम्भावना नभएको पनि उनले बताए। यसो गर्ने प्रयास गर्ने कुनै पनि देशले शुल्कलाई नमस्कार गर्नुपर्ने र अमेरिकालाई बिदाइ गर्नुपर्ने ट्रम्पको भनाई छ। ट्रम्पले यसअघि पनि ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका समेतका यो समूहलाई यस्तो चेतावनी दिइसकेका छन्।

# यस्तो छ आजका लागि विदेशी मुद्राको विनिमय दर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ माघ**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३८ रूपैयाँ ३१ पैसा र बिक्रीदर १३८ रूपैयाँ ९१ पैसा कायम भएको छ। बिहीबारको तुलनामा डलरको भाउ वृद्धि भएको छ।

युरोपियन युरो एकको खरिदर १४३ रूपैयाँ ७६ पैसा र बिक्रीदर १४४ रूपैयाँ ३८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७१ रूपैयाँ ९३ पैसा र बिक्रीदर १७२ रूपैयाँ ६८ पैसा, स्वीस फ्याङ्क एकको खरिदर १५२ रूपैयाँ २१ पैसा र बिक्रीदर १५२ रूपैयाँ ८७ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिदर ८६ रूपैयाँ १३ पैसा र बिक्रीदर ८६ रूपैयाँ ५० पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रूपैयाँ र बिक्रीदर ९६ रूपैयाँ ४२ पैसा, सिङ्गापुर डलर एकको खरिदर १०२ रूपैयाँ ३४ पैसा र बिक्रीदर १०२ रूपैयाँ ७९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिदर आठ रूपैयाँ ९५ पैसा र बिक्रीदर आठ रूपैयाँ ९९ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रूपैयाँ ०७ पैसा र बिक्रीदर १९ रूपैयाँ १६ पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रूपैयाँ ८७ पैसा र बिक्रीदर ३७ रूपैयाँ ०३ पैसा, कतारी रियाल एकको खरिदर ३७ रूपैयाँ ९४ पैसा र बिक्रीदर ३८ रूपैयाँ १० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिदर चार रूपैयाँ १० पैसा र बिक्रीदर चार रूपैयाँ १२ पैसा, युएई दिराम एकको खरिदर ३७ रूपैयाँ ६६ पैसा र बिक्रीदर ३७ रूपैयाँ ८२ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३१ रूपैयाँ ४८ पैसा र बिक्रीदरट ३१ रूपैयाँ ६२ पैसा, साउथ कोरियन वन १०० को खरिदर नौ रूपैयाँ ५९ पैसा र बिक्रीदर नौ रूपैयाँ ६३ पैसा, स्वीडिस क्रोनर एकको खरिदर १२ रूपैयाँ ५४ पैसा र बिक्रीदर १२ रूपैयाँ ६० पैसा र डेनिस क्रोनर एकको खरिदर १९ रूपैयाँ २७ पैसा र बिक्री दर १९ रूपैयाँ ३५ पैसा तोकिएको छ।

# ममता कुलकर्णीको इन्ट्रीपछि किन्नर अखडामा 'महाभारत'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ माघ**



बलिउड अभिनेत्री ममता कुलकर्णीलाई महामण्डलेश्वरको उपाधि दिएपछि विवाद बढ्दै गएको छ। अभिनेत्रीलाई यो उपाधि दिएको विषयमा ट्रान्सजेन्डर समुदायबाट विरोध सुरु भएको छ।

यस विषयमा किन्नर अखाडाका संस्थापक अजय दास र आचार्य महामण्डलेश्वर डा. लक्ष्मीनारायण त्रिपाठी आमनेसामने भएका छन्। अजय दासले त लक्ष्मीनारायण त्रिपाठीलाई आफ्नो पदबाट हटाउने पनि भनेका छन्। तर यसको विपरीत, लक्ष्मी नारायणको भनाइले नयाँ विवाद सिर्जना गरेको छ, जसमा उनले दास पदमा नभएको बताएका छन्। स्रोतका अनुसार शुक्रबार दिउँसो किन्नर अखाडाले ठूलो निर्णय लिन सक्नेछ। आचार्य महामण्डलेश्वरको पदबाट लक्ष्मीनारायण त्रिपाठीलाई हटाउन अखाडा भित्र तयारी भइरहेको बताइएको छ। किन्नर अखाडाका सन्तहरूमाझ यस विषयमा छलफल तीव्र भएको छ।

किन्नर अखाडाका संस्थापक अजय दासले यस विषयमा ठूलो कारवाही गर्ने संकेत दिएका छन्। उनले आचार्य महामण्डलेश्वरको पदबाट लक्ष्मी नारायण त्रिपाठीलाई हटाउन दाबी गरेर यसको घोषणा आजै दिउँसो गरिने बताए। उता, महामण्डलेश्वर डा.लक्ष्मी नारायण त्रिपाठीले न्युज १८ सँगको कुराकानीमा आफ्नो अडान स्पष्ट पारे। उनले किन्नर अखाडामा जे पनि निर्णय लिइनेछ, त्यो पूर्ण पारदर्शिताका साथ लिइने बताए। किन्नर अखाडाले आज दिउँसो ३ बजे यस सम्पूर्ण विवादबारे पत्रकार सम्मेलन गर्नेछ, जसमा एउटा महत्त्वपूर्ण घोषणा गरिनेछ उनले बताए।

# जनकपुर नाइट्सले नेपाल कबड्डी लिग (एनकेएल) को उपाधि जिते

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ माघ**



जनकपुर नाइट्सले अपराजित रहँदै नेपाल कबड्डी लिग (एनकेएल) को उपाधि जितेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शुक्रबार भएको रोमाञ्चक तथा प्रतिस्पर्धामक फाइनलमा जनकपुरले काठमान्डु माभरिक्सलाई ४५-४१ अन्तरले हराउँदै पहिलो च्याम्पियन बनेको हो।

च्याम्पियन बन्ने क्रममा जनकपुरले कुनै खेल गुमाएन।

लिग चरणमा ५ मध्ये ४ खेल जितेको जनकपुरले एक १ बराबरी खेलेको थियो। त्यसपछि क्वालिफायर वानमा विराटनगर ब्यान्डिट्स र फाइनलमा काठमान्डुलाई हराउँदै ७ खेलमै जनकपुर अपराजित रह्यो।

फाइनलमा जनकपुरले पहिलो हाफमा २५-१९ को अग्रता बनाएको थियो। दोस्रो हाफ निकै प्रतिस्पर्धात्मक बन्यो। सुरुमा जनकपुर अघि रहेपनि काठमान्डुले पुनरागमन गर्दै ३४-३४ को बराबरी गर्दै अग्रता समेत लिएको थियो।

तर अन्तिममा काठमान्डु सम्हालिन सकेन भने जनकपुरले आफ्नो लयलाई कायम राख्यो। दोस्रो हाफमा काठमान्डुले २२-२० को अग्रता बनाएपनि जनकपुरलाई जित बाट रोक्न सकेन।

च्याम्पियन जनकपुरले नगद ५ लाख र आकर्षक ट्रफी हात पाऱ्यो। उपविजेता काठमान्डुले २ लाखमै चित्त बुझायो।




**भंगहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




**सम्सी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# श्रीपञ्चमीके महिमा

## भेल वसन्तऋतुके आगमन



-डा.उदयकुमार यादव

-विभिन्न वेद पुराण तथा धर्म शास्त्रके निचोड तथा निष्कर्षमे एहि प्रमाणित कयल गेल हय कि, विद्या धनम् सर्व प्रधानम् अर्थात् ई सास्वत तथ्यकेहम सब गहिरा रुपमेनै लयके आजुक भौतिक सुख संभोगके पछाडि कस्तुरी मृग जेना जतरो पतरो बैवायलफिर रहलि हय् । उपरोक्तसुत्रात्मक कथनके हमअहां सब केवल सतही रुपमा लयके आजुक आधुनिक मानव केबल भैतिक भोग और विलासिताके खोजिमा तवाह भएके यकरा परिणम स्वरुप तनावपूर्ण जिवनही वितारहलि हय। वास्तवमे यदि कहलजाय अगरतय विद्या से बैढके सर्वश्रेष्ठ धन कि होयता त?विद्याके कारणही एकतर्फ नभएल धन गरिव तथा निमुखासबआवश्यक रुपमेआर्जन कयकेसफहोयब सकै हि तए दोसर तर्फ यहिके वासते कमाएलधन वा बुवापुर्खाद्धारा हस्तान्तरित धन सम्पत्ति सभक दुरुपयोग नहि कयके बरु हमेसा हमेसा एकर सदुपयोग करयके भी(सेहो) विद्याहीसिखावयमेसफल होय हय ।



आजुक जमाना अर्थात् आईकायलके जमानामेआखिर केवल भौतिक धन सम्पत्तिसे मानव जते भी भोग और विलासिता जिवनके पछाडि बौवयला तौउपर भी उ संतुष्टिजनक जिवन कोनोभी हालतमे लेकिन निर्वाह नै कय पाइराहलहयकैलाकी यहि भोग तथा विलासितासेओकरा सबके और ज्यादा महत्वकांक्षी बनायके और असंतुष्टीके असिमित तृष्णा र मोह बढायके अत्यन्तै दुःखी लेकिन बनाईके राखैहय । ताहि कारण वा तायकेलेल केबल विद्या नै अयसने सर्वश्रेष्ठ धन हय जे हामरा सबके आत्मसंतुष्टीके जिवन प्रदान कयल करैहय आऊ यहिसे हामरासबके संतोषम् परम् सुखम् कहयबाला तत्वके वोध सेहो कराकय अनमोल ज्ञान सेहो प्रदान कयल करय हय। आजुक आधुनि प्राविधिक तथा यान्त्रिक जवानामे सुचना प्रविधीसेही मानुस लोकनी राजपर राज जरुरकयरहल हय । ऐसन अवस्थामेसेहो यदि हामरा अहांसंग भएलनभएल धन सम्पतिकेमुदा सञ्चित कयके वा सदुपयोग करय खातिर खास सिपकै आवश्यकता परैहय कि नै परय हय ?जे कि विद्यासेहीहमरा अहांसबके मिलल करय हयवा विद्याही ई अनमोल सिप प्रदान करैय हय । सिपवीनाके जिवन तथा उद्यमवीनाके जिवन अखैनके समयमे बहुतकठीने भएलहय ।

अर्थात् विद्या ददाति विनयम् भनाईके मतलव हमर अहांके जिवनके अभिन्न सम्पत्ति विनम्र स्वभाव तथा व्यावहार होईत हय जकरामुदा सद्व्यावहार सेहोकहल जायहय। अयसन सत्य व्यावहार हामअहां कहांसे सिखैछीं त? नैतिक शिक्षा र शिक्षणसेही जोन नैतिक शिक्षा वा नैतिक ज्ञान हामरा अहांके केवल विद्या आर्जन कयलाके वादही प्राप्त होयत हय ।

“धन भन्दा विद्या ठुलो ” नेपाली भाषामे सेहो बुझ्नु जे कैला कहलगेल हय त ? अर्थात् वास्तवमे धनसे भी भारी चिज एगो हय उ केवल विद्यँ हय । कारणकी धन सम्पत्ति चोरी भय सकैय हय, धनके भाई भतिजाभी बांटिलैहय मुदा विद्या अयसन सम्पति हय ताहिके नकोई लुईट सकय हय या नकोई फांईट सकय हय, जेनाकी अहुसे अनमोल ज्ञान हमरा अहंके अनमोल ज्ञान जेनाकी “सर्वे भवन्तु सुखिन : सर्वे सन्तु निरामया : सर्वे धद्रानी पश्यन्तु माकशचीद् दुःख भाग्जन ”: केवल विद्याही अईसन अमूल्य खजाना हय जे सिखावय हय, जकर मतलव हौईत हय : जे सव प्राणी चराचर जगत सुखी रहे, सब भरभलादमीके कल्याण होऊथ, और सब जज्जनमे दयामया जयसन करुणाके भाव उत्पन्न होऊथ ताकी दुःख ककरो नहि होऊथ ।

अतः शरद् ऋतु अर्थात् कष्टमय ठंढी हवापानीके विदा भरहल हय आ वसन्त ऋतुके आगमन, एहि माघ २१ गतेके दिन शुक्ल वञ्चमी तिथी परला उपर श्री पञ्चमी पर्व सेहो शुभारम्भ भय रहलहय। एहि शुभ अवसरके छात्रछात्रा सबके सालभैर ईन्तजार रहल करैहय । उ सब आजुक दिनमे माता शारदाके बहुत तनमन पवित्रकयके निष्ठा तथा विधि विधान पूर्वक पुजापाठ सेहो करैय हय। विभिन्न नाचगान तथा तमासा आयोजन कयके बहुत धुमधाम संग मनोरञ्जन करैय हय । वसँतऋतु सदावहार मौसमके स्वागतम् स्वागतम् स्वागतम् ।

“असतोमा सदगमय : तमसोमा ज्योतिर्गमय : मृत्युमा अमृत्वम्गमय :”

अर्थात् विद्याके देवी हमरा अहांके सन्तानके ज्ञानक ज्योति जगाकय, ओकरा सबके झुठा संसारसे सत्यके ओर लय चलौथ तहिना अन्धारसे ईजोर तरफ अथवा प्रकाश तरफ लजैथुन, आ मृत्यलोकसे अमरत्व तरफ प्रस्थान करवथुनसे कामना मातासे करबध प्रथना सहित मंगलमय कामना सेहो कय रहली हय । आशा हय जे ई लेखके अक्षरसः पालना कयके गरुजी सब आईकाईलके उच्छृंखल बालबालिकाके गलत संस्कृति, अश्लील पहिरण आ विकृतिसे जरुर सावधान करवथिन ॥













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday